# फौजदारी कानुन अपर्याप्त

अन्नपूर्ण समाचारदाता

ललितपुर, १ साउन : सर्वोच्च अदालतका पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्यालले नेपालको फौजदारी कानुन पर्याप्त नभएकाले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम सन्धिमा सहभागिता जनाउनुपर्ने बताउनुभएको छ।

अपराधजन्य कार्यलाई दण्डित गर्ने फौजदारी कानुन पर्याप्त छैन, बिहीबार राजधानीमा आयोजना गरिएको अन्तर्राष्ट्रिय फौजदारी अदालत र मानवअधिकार विषयक अन्तर्क्रिया कार्यक्रममा पूर्वन्यायाधीश अर्यालले भन्नुभयो, त्यस्ता कानुन कार्यान्वयन गर्ने संस्थाहरू पनि सबल नभएकाले सो सन्धिमा सम्मिलित हुनै पर्छ। नेपालले मानवअधिकारसम्बन्धी धेरै सन्धिसम्झौतामा हस्ताक्षर गरेको जनाउँदै उहाँले भन्नुभयो, ती सन्धि उल्लंघन गर्नेलाई सजाय दिने मुख्य कार्य रहेको अन्तर्राष्ट्रिय फौजदारी अदालतमा समावेश नहुने त प्रश्न नै उठ्दैन।

उहाँले दण्डहीनताको वर्तमान स्थितिलाई निर्मूल बनाउनैपर्नेमा जोड दिँदै सन्धिमा सहभागिता बनाउन नसकेमा मानवअधिकारका सम्बन्धमा गरिएका सम्पूर्ण प्रयासको कुनै मतलब नहुने बताउनुभयो। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा आयोजना गरिएको कार्यक्रममा पूर्वन्यायाधीश अर्यालले जति सक्यो चाँडो सो सन्धिमा हस्ताक्षर गर्नुपर्ने बताउनुभयो। अदालत स्थापना गर्ने सम्बन्धमा इटलीको रोममा भएको एक अन्तर्राष्ट्रिय सन्धिलाई संयुक्त राष्ट्रसंघको साधारण सभाले पारित गरेपछि औपचारिकता पाएको थियो।

गैरन्यायिक हत्या, मानवताविरुद्धको र युद्ध अपराधमा मुद्दा चलाई दोषी ठहरिएकालाई सजाय दिन सकिने व्यवस्था रहेको सो अदालत जर्मनीको हेगमा रहेको छ। विश्वका ९० राष्ट्रहरूले यो अदालत स्थापना गर्ने सन्धिमा हस्ताक्षर गरिसकेका छन्। सर्वोच्च अदालतका पूर्वन्यायाधीश कृष्णजङ्ग रायमाझीले मुलुकमा आन्तरिक द्वन्द्वका कारण पीडित भएकाहरूले कुनै उपचार पाउन नसकेको उल्लेख गर्दै अन्तर्राष्ट्रिय फौजदारी अदालतमा समावेश हुन अति नै जरुरी रहेको बताउनुभयो।

राष्ट्रिय मानवअधिकार आयोगका सदस्य सुशील प्याकुरेलले भन्नुभयो, हामीसँग साधन भए पनि लागू गर्न नसकेको हुँदा मानवताविरोधी अपराध गर्नेहरूलाई दण्डहीनताको स्थितिबाट उम्किन नदिन सन्धिलाई नेपालले अनुमोदन गर्नुपर्छ।

संकलित हस्ताक्षर भक्तपुर नगरपालिकामा ...

अन्नपूर्ण पोष्ट २०६०/०४/०२